# शुद्धोधन गाउँपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
## लवनी, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल।

प. सं. : २०७९।८०

च. नं. :

मितिः २०७९।११।१६

**पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना।**
**(प्रथम पटक प्रकाशित मिति २०७९/११/१६)**

शुद्धोधन गाउंपालिका कार्यपालिका वैठक मिति २०७९/११/११ गतेको निर्णय अनुसार यस आ.व.०७९/८० को वहुक्षेत्रीय पोपण योजना कार्यक्रम अन्तर्गत महिला, वालवालिका र किशोरीहरुमा विद्यमान रहेको कुपोपणलाई दिगो विकासको लक्ष्य अनुरुप कुपोपणको समाधान गर्न र यसका विभिन्न कारक तत्वहरुलाई वहुक्षेत्रीय पोपणको अवधारणा अनुसार निराकरण गर्न विपन्न अवस्थाका मातृ शिशुहरुको पोपण अवस्थामा सुधार ल्याउन वार्षिक स्वीकृत पोपण सुधारको लागि विपन्न महिला सहकारी वा महिला समूहमा आयआर्जनको सुधार कार्यक्रम गर्न नगद अनुदान वजेट रु.६,२५,०००।– (अक्षेरुपी छ लाख पच्चीस हजार रुपैया मात्र) रकम रहेको र देहायको छनौट मापदण्डका आधारमा कर्यान्वयन गरिने भएको हुँदा ईच्छुक महिला सहकारी वा समुहले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शुद्धोधन गाउंपालिका गाउँकार्यपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कुल वजेट | प्रस्ताव पेश गर्ने स्थान र समय |
|---|---|---|---|
| १ | पोपण सुधारको लागि विपन्न समूदायका महिला सहकारी वा महिला समूहलाई विपन्न सदस्यहरुको आयआर्जनको सुधार कार्यक्रम गर्न नगद अनुदान | ६,२५,०००।– | शुद्धोधन गाउंपालिका गाउँ कार्यपालिकाको कार्यालय, लवनी, कपिलवस्तु। |

आवश्यक कागजातहरु:

- महिला सहकारीको हकमा प्रचलित कानुन बमोजिम दर्ता भई सम्वन्धित स्थानीय तह भित्र कार्यक्षेत्र भएको र महिला समुहको हकमा स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।
- संस्था दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि र आर्थिक वर्प ०७८/७९ को कर चुक्त प्रमाण पत्रको प्रतिलिपि।
- साधारण सभा सम्पन्न भएको निर्णयको प्रतिलिपि।
- महिला सहकारी वा महिला समूहमा आवद्ध सुनौला हजार दिनका महिलाहरुको संख्यात्मक विवरण।
- अनुदान कार्यक्रममा सहभागी हुने सम्वन्धित महिला सहकारी संस्था वा महिला समूहको कार्यसमितिको वैठक निर्णयको प्रतिलिपि।
- सम्वन्धित वडाको सिफारिस।
- कार्यविधिको दाफा ५ को उपदफा २ वमोजिम अनुसूची १ अनुसारको प्रस्ताव।
- कार्यविधिको दाफा ११ वमोजिम अनुसूची ४ बमोजिमको व्यवसायिक योजना।
- महिला समूह वा सहकारी संस्थाका सदस्यहरु मध्ये सुनौला हजार दिनका २५ जना आमा सदस्यहरुलाई मात्र अनुदान व्यवस्था मिलाउने महिला समूह वा सहकारी संस्थाको व्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव ।

नोटः उक्त अनुसूचीहरुको आवश्यक पर्ने ढाँचा गाउँपालिका बाट उपलब्ध गराइने छ।

थप जानकारीका लागि शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोपण शाखामा सम्पर्क गर्न सकिने छ।

कृष्ण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner